## बैठक संख्या १५

आज मिति २०८१/१२/२६ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बर्सी देहाय बमोजिम निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | [signature] |
| २. | श्री शान्ती नाथ | सदस्य | [signature] |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | [signature] |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | [signature] |
| ६. | श्री विर बहादुर खडका | सदस्य | [signature] |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | [signature] |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | [signature] |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | [signature] |
| १० | श्री तारा देवी गिरी | सदस्य | [signature] |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | [signature] |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | [signature] |

CamScanner

बैठक संख्या १५/२०८१/०८२ मिति २०८१/१२/२६ गते

**प्रस्ताव नं.१:-अघिल्लो बैठकको समिक्षा तथा निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुंदा गाउँ कार्यपालिकाको मिति २०८१/१२/१० गते बसेको अघिल्लो बैठकको समिक्षा गरियो । साथै, भए गरेका निर्णयहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२:-प्रदेश सम्पूरक तथा प्रदेश विशेष अनुदान अन्तर्गतका योजना छनौट गरि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२:-**प्रस्ताव नं. २ माथि छलफल हुंदा सुदूरपश्चिम प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, धनगढी, कैलालीको प.सं. २०८१/०८२ च.नं. २०५ किति २०८१/१२/११ गतेको प्राप्त पत्रानुसार आ.व. २०८२/०८३ का लागि देहायका प्रदेश सम्पूरक तथा प्रदेश विशेष अनुदानका योजनाहरु छनौट गरि सम्वन्धित निकायमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, सम्पूरक योजनामा सु.प. प्रदेश सम्पूरक अनुदान सम्बन्धी कार्यविधी, २०८१ बमोजिम गा.पा.ले व्यहोर्नु पर्ने रकम यस कार्यालयको कोषबाट व्यहोर्ने समेत सर्वसम्मत निर्णय पारित गरियो ।

देहाायः-

**(क) प्रदेश सम्पूरक अनुदानका योजनाहरुः-**

१. बेलडाँडी गाउँपालिका १ नं. वडा कार्यालयको भवन निर्माण ।

२. बेलडाँडी गा.पा. वडा नं. ५ को भुर्षा स्कूलदेखि प्रवेशद्वार छुँदै वडा नं. ४ जोडने सडक कलोपत्रे तथा एक साईडमा ड्रेन निर्माण ।

३. बेलडाँडी गा.पा. वडा नं. ३ कमरी किचैया नालादेखि भुईयाँ मन्दिर हुँदै वडा नं. ४ जोडने RCC रोड निर्माण ।

**(ख) प्रदेश विशेष अनुदानका योजनाहरुः-**

१. बेलडाँडी गा.पा. वडा नं. १ मा डिप बोरिङ्ग थान २ (दुई) ।

२. बेलडाँडी वडा नं. ५ बैजनाथ मा.वि.को लागि फर्निचर, शैक्षिक सामाग्री, कम्प्यूटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय , खानेपानी ।

३. बेलडाँडी गाउँपालिका वडा नं. ४ मा सोलार बत्ती जडान १०० थान ।

**प्रस्ताव नं.३ :- रकम रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुंदा यस कार्यालयको चालु आ.व.२०८१/०८२ को विनियोजित देहायको बजेट शिर्षकबाट देहायको योजना तथा कार्यक्रममा देहायको रकम रकमान्तर गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

| क.सं. | स्विकृत योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. | रकमान्तर गरिएको योजना तथा कार्यक्रमको नाम | रकमान्तर गरिएको रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | उपाध्यक्ष विशेष कार्यकम अन्तर्गत भ्रमण खर्च शिर्षक । | २००००० | १. बाढी पिडितहरुलाई खाद्यान्न राहत वितरण<br>२.आर्थिक सहयोग | ५१८००<br>७६२०० | |

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ :-**प्रस्ताव नं.४ माथि छलफल हुँदा देहायका व्यक्तिलाई देहायको शिर्षकबाट देहायको रकम आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | व्यक्ति तथा संस्थाको नाम | बजेट शिर्षक | रकम रु. | कै. |
|---|---|---|---|---|
| १. | खेलाडी रोशन बिष्ट बेलडाँडी ३ | उपाध्यक्ष विशेष कार्यक्रम अन्तर्गत आथिक सहयोग | ३०००० | |
| २. | जयलाल उपाध्याय बेलडाँडी ३ | उपाध्यक्ष विशेष कार्यक्रम अन्तर्गत आथिक सहयोग | १५००० | |

**प्रस्ताव नं. ५ :- घर व्यवस्थापनको लागि रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं.५:-**प्रस्ताव नं.५ माथि छलफल हुँदा बेलडाँडीवडा नं. ३ स्थित ठेक्का नं. BRM/2081/082/works/NCB-02 (construction of RCC road from Shivnagar bridge to khairighat chaura to Baibaha chaurah ward no3 Beldandi , kanchanpur) को सडक निर्माण गर्दै गर्दा उक्त सडकमा चन्नरे टमटाको घर पर्न गई निर्माण कार्यमा असहज भईरहेकोले उक्त घर अन्यत्र व्यवस्थापन गर्न यस कार्यालयको भूमि ईकाईको बजेटबाट रु.४०हजार रकम भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ६ :- बेरोजगारहरुको सूचि स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं.६-:**प्रस्ताव नं.६ माथि छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को लागि वडाबाट प्राथमिकीकरण भई सिफारिस भएर आएका बेरोजगारहरुको सूचि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**प्रस्ताव नं. ७ :- कार्यक्रम संचालन गर्न जिम्मा दिने सम्बन्धमा ।**

**निर्णय नं.७:-**प्रस्ताव नं.७ माथि छलफल हुँदा कृषि तथा पशु विकास शाखामा प्रदेशबाट आएको चैते धान र वहुवर्षिय घाँसको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न आर्थिक विकास समितिलाई जिम्मा दिने र आवस्यक परेमा विज्ञलाई समेत राख्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८ :-शिक्षा योजना स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८ :-**प्रस्ताव नं.८ माथि छलफल हुँदा यस गाउँपालिकाको १० (दस) वर्षे शिक्षा योजना स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९ :-निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९:-**प्रस्ताव नं.९ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ३ नं. वडाको वडा समितिको मिति २०८१/१२/२० गतेको नि.नं.१ सुपरभाईजर राख्ने सम्वन्धी निर्णय तथा नि.नं.२ गणक छनोट सम्वन्धी निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १० :- सन्देशमूलक कार्यकमको लागि रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं.१०:-**प्रस्ताव नं.१० माथि छलफल हुँदा थारु टेलिभिजन प्रा.लि. धनगढी, कैलालीलाई सन्देशमूलक कार्यकमको लागि यस कार्यालयबाट रु.१०हजार रकम भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११ :- पुरस्कृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं.११-:**प्रस्ताव नं.११ माथि छलफल हुँदा कक्षा ८ को पालिका स्तरीय परिक्षामा उत्कृष्ट नतीजा ल्याई प्रथम, द्वितीय तथा तृतीय हुने विद्यालयलाई नगद रु क्रमश: ६(छ) हजार, ५(पाँच) हजार र ४ (चार) हजार सहित पुरस्कृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै, उक्त रकम यस कार्यालयको नगर प्रहरी शिर्षकबाट भुक्तानी दिने निर्णय समेत सर्वसम्मतबाट पारित गरियो ।

**प्रस्ताव नं. १२ :- टेण्डरबाट बचेको रकमबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.:-:**१२प्रस्ताव नं.१२ माथि छलफल हुँदा यस गा.पा. को वडा नं. १ अन्तर्गत हुलाकी सडक जित वहादुर चन्दको घरदेखि पुन्ना पार्कीको पसल हुँदै निर्माणाधिन वडा कार्यालयको भवन हुँदै विरेन्द्र कठायतको घर हुँदै सिद्धचोकसम्म सडक कालेपत्रे योजनामा बचेको रकमबाट नहरको टर्सरीमा ह्यूमपाईप र ढुङ्गाको वाल चिनने कार्यमा रु. ४(चार) लाख तथा सोही बाटोको अगाडी सडक स्तरोन्नतीमा रु. १५(पन्ध्र) लाख रकमबाट योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१३:- सडक स्तरोन्नती गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१३:-**प्रस्ताव नं. १३ माथि छलफल हुँदा रतन खडकाको खेतदेखि गड्डा चौराहासम्मको सडक स्तरोन्नती योजनाको टेण्डरबाट बचेको रकम रु.६५००००/-(छ लाख पचास हजार) तथा गा.पा. को कन्टेन्जेन्सी रकमबाट रु.३५००००/- (तीन लाख पचास हजार) गरि कूल रकम रु.१०लाखबाट **बेलडाँडी गा.पा. वडा नं. ३ र ४ को सिमाको सडक स्तरोन्नती गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।**

**प्रस्ताव नं.१४:- योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४:-**प्रस्ताव नं. १४ माथि छलफल हुँदा देहायका योजना मागको लागि सम्वन्धीत निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

१. वेलडाँडी ५ ईमलियादेखि वडा नं. ४ वेवाहा जोडने सडक कालोपत्रे ।
२. बेलडाँडी वडा नं. २ चवन्नी बजारदेखि वडा नं. ४ कन्छी बजारसम्म सडक कालोपत्रे ।
३. वेलडाँडी वडा नं. १ सिद्धचोकदेखि सगरमाथा वोर्डिङ्ग स्कुलसम्म सडक कालोपत्रे ।
४. वेलडाँडी २ मा वसपार्क निर्माण ।
५. बेलडाँडी वडा नं. २ र वडा नं. ३ जोडने भोग्लानाला साँगाघाटमा पक्कि पुल ।
६. बेलडाँडी वडा नं. २ र वडा नं. ५ जोडने मोहना नालामा स्लेभ कल्भर्ट ।
७. बेलडाँडी वडा नं. १ झरनासागर सरस्वती मा.वि. जोडने कल्भर्ट निर्माण ।